# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, बागमती प्रदेश, नेपाल


प.सं.:- ०७८/७९ मिति:- २०७८/०५/१५

च.नं.:- ९६९

**विषयः- सनाखत सम्बन्धमा ।**

**श्री वडा कार्यालय (सबै),**

**दक्षिणकाली नगरपालिका ।**

जिल्ला निर्वाचन कार्यालय, काठमाडौंको प.सं.०७८/७९ च.नं. २२ मिति २०७८/०५/१५ को सनाखत गर्ने कार्यमा समन्वय गरिदिने सम्बन्धी पत्रबाट राजनीतिक दल सम्बन्धी ऐन, २०७३ (दोश्रो संशोधन अध्यादेश, २०७८) र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ (दोश्रो संशोधन) बमोजिम निर्वाचन आयोगले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) नामक राजनीतिक दलबाट छुट्टीई बनेको नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) नामक राजनीतिक दल र जनता समाज पार्टी, नेपाल नामक राजनीतिक दलबाट छुट्टीई बनेको लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल नामक राजनीतिक दलमा प्रवेश गर्न चाहने नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) र जनता समाज पार्टी, नेपाल नामक राजनीतिक दलबाट निर्वाचित प्रदेश सभा सदस्य तथा स्थानीय तहका सदस्यले सम्बन्धित दलबाट छुट्टीई गठन भएको दलमा प्रवेश गर्न चाहेमा नयाँ दल गठन भएको मितिले २१ दिन भित्र (मिति २०७८/०५/०२ देखि मिति २०७८/०५/२२ गते सम्म) प्रदेश सभाका सदस्यले सम्बन्धित प्रदेश निर्वाचन कार्यालयमा र स्थानीय तहका सदस्यले सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा कार्यालय समयभित्र स्वयम् उपस्थित भई सनाखत गर्ने गराउने व्यवस्थाको लागि निर्वाचन आयोगको च.नं. ७१ मिति २०७८/०५/१३ को पत्रबाट लेखिई आएकोले तहाँ जिल्ला समन्वय समिति, स्थानीय तहका निर्वाचित सदस्य र कार्यपालिकाको सदस्यज्यूहरुले नयाँ दलमा प्रवेश गर्न चाहेमा उक्त समयावधि भित्र तल उल्लेखित प्रमाण सहित उपस्थित हुनुपर्ने भएको हुँदा सो व्यहोराको सूचना सम्प्रेषण गर्ने कार्यमा सहयोग गरिदिनु हुन भनी लेखी आएकोले यस नगरपालिका तथा जिल्ला समन्वय समिति, काठमाडौंका सम्बन्धित निर्वाचित सदस्य तथा कार्यपालिका सदस्यज्यूहरुलाई उक्त व्यहोरा जानकारी गराईदिनु हुन निर्देशानुसार अनुरोध गरिन्छ ।

**<u>आवश्यक कागजात</u>**

१. सनाखत गर्न जाँदा आफ्नो प्रमाण लिई व्यक्ति स्वयम् उपस्थत भई सनाखत गर्नुपर्नेछ ।

२. सक्कल नागरिकता वा मतदाता परिचय-पत्र र निर्वाचित भएको प्रमाण-पत्र वा यस नगरपालिकाबाट जारी भएको परिचय-पत्र वा प्रमाणित पत्र लिई आउनु पर्नेछ ।

..........................

(दिपक कुमार के.सी.)

यो.अ.तथा प्र.अधिकृत